नीतिपत्र-१

२०७२ असोज ११

# श्रमिक र संविधान


**सारांश**

कष्टसाध्य प्रयत्न पछि प्राप्त भएको नेपालको संविधानले श्रम र श्रमिकलाई कति र कसरी संबोधन गरेको छ, श्रमिक वर्ग र ट्रेड युनियनहरू वा श्रममैत्री संगठनहरूको मात्रै चासोको विषय होइन, सिंगो देश र समाजकै विषय हो । यो संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरूमा अधिकार, कल्याण र समाजवाद उन्मुखता देखिएको छ, अन्तरिम संविधानले समेटेका विषयहरूको तुलनामा अझ बढी प्रभावकारी पनि छ । यद्यपि, ट्रेड युनियनहरूले उठाउँदै आएका कतिपय संवेदनशील विषयहरू यसमा समावेश हुन सकेनन् । मूलतः राज्यका प्रतिनिधिमूलक र नीतिगत निकायहरूमा श्रमिक प्रतिनिधित्वको विषय, छिटो छरितो न्याय र असल औद्योगिक सम्बन्धका लागि श्रम आयोग, अन्तिम उपायको रूपमा हडतालको अधिकार जस्ता विषयहरू बहसमा कायम रहने देखिएको छ । सामाजिक सुरक्षामा संविधानको प्रतिबद्धता अनेक धाराहरूमा मुखरित भएको छ । यसले आगामी दिनमा लोककल्याणकारी राज्य व्यवस्थाको निर्माण र समाजवाद उन्मुख मार्गतिर देशलाई लैजाने सङ्केत दिएको छ । तर, सरकार, सार्वजनिक नीतिहरू, वार्षिक नीति-कार्यक्रम-बजेट, आवधिक योजनाहरू र सरोकारवालाहरू कति जिम्मेवार, प्रतिबद्ध र गतिशील हुन्छन्, त्यो नै संविधान, समाज र राज्यको सफलताको आधार हो ।


## १. प्रत्यक्ष प्रयत्नहरूको पृष्ठभूमि

नेपालको संविधान २०७२ कष्टसाध्य प्रयत्नपछि बल्ल २०७२ भदौ ३० गते संसदबाट पारित भई असोज ३ गते सार्वजनिक घोषणाबाट लागू भएको छ । विभिन्न वर्ग, सामाजिक समूह, समुदायहरूले यसलाई आफ्नै किसिमले हेरेका छन् । सन्तोष र असन्तोषका किसिम किसिमका अभिव्यक्तिहरू/गतिविधिहरू हुनु स्वाभाविक पनि छ ।

अतितको पुनरावलोकन गर्दा विक्रम संवत् १९९२ देखि यताका संघर्षहरू यो संविधानको पृष्ठभूमिमा छन् । १९९७ को चार शहीदको वलिदान प्रारम्भिक संघर्षको उत्कर्ष थियो । दवाबमा परेको तत्कालीन राणाशासनले "**नेपाल सरकार वैधानिक कानुन २००४**" जारी गऱ्यो । यो कार्यान्वयन पनि नहुँदै २००७ को परिवर्तनले राणाशासन समाप्त भयो । फलस्वरूप **नेपालको अन्तरिम शासन विधान २००७** अस्तित्वमा आयो । यो तत्कालीन राजा त्रिभुवनको संविधानसभाबाट संविधान बनाउने घोषणा अनुसार अघि बढ्न जारी गरिएको संविधान थियो । तर, दरबारले कुनै संविधानसभा निर्वाचन गराएन । बरु, राजा महेन्द्रले आफ्नो शक्ति असीमित बनाउने गरी **नेपाल अधिराज्यको संविधान २०१५** आफैं जारी गरे । यस संविधान अनुसार पहिलो आम चुनाव भयो । तर, दुईतिहाइ बहुमत प्राप्त नेपाली कांग्रेसको सरकार केही आफ्नै कारण र मूलतः दरबारको षड्यन्त्रको कारण सैन्यबलले अपदस्थ भयो र २०१७ मा राजाले पूर्णतः शासन कब्जा गरी पार्टी प्रतिबन्धित निर्दलीय शासनको संविधान अर्थात् **नेपालको संविधान** २०१९ जारी गरे । त्यसै बिन्दुबाट निरङ्कुश पञ्चायती व्यवस्था सुरु भयो । जनताको संघर्ष पनि तीव्र र संगठित हुँदै गयो ।

२०४६ सम्म आइपुग्दा जनताको चेतना उन्नत भई संघर्ष निर्णायक मोडमा पुग्यो । ४९ दिनसम्म चलेको जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई संवैधानिक राजतन्त्रमा खुम्चिन बाध्य गऱ्यो । फलस्वरूप **नेपाल अधिराज्यको संविधान २०४७** बनाइयो ।

**बक्स–१**

**नेपालको संविधान २०७२ का मूल विशेषता**

- गणतन्त्र संस्थागत गर्न सफल
- सार्वभौमसत्ता जनतामा निहित
- समाजवाद उन्मुख लोकतन्त्र
- धर्म निरपेक्षता
- संघीयताको ढाँचामा तीन तहका सरकार, तीन तहका व्यवस्थापिका
- केही सुधार सहितको संसदीय प्रणाली
- प्रतिनिधित्वमा सामाजिक समावेशिता
- सर्वोच्च, उच्च र जिल्ला तह गरी तीन तहको अदालत
- धेरै संवैधानिक आयोगहरू
- संविधानसभाबाट जारी भएको संसारको ४३ औं संविधान
- ३५ भाग, ३०८ धारा र ९ अनुसूचीहरू
- कुल ५९८ मध्ये ५३७ संविधानसभा सदस्यहरूबाट हस्ताक्षर

तर, यो संविधान पनि समावेशीकरणका मुद्दा, राजदरबारको सत्तालिप्साको षड्यन्त्र र माओवादी आन्दोलनको हिंसात्मकताको शिकार भयो । अन्ततः प्रमुख राजनीतिक दलहरू र हिंसात्मक संघर्षमा रहेको माओवादी बीच १२ बुँदे सम्झौता भई २०६२/०६३ को अभूतपूर्व आन्दोलन संभव र सफल भयो । राजतन्त्रको अन्त्य गर्ने सफलताका साथ संविधानसभा निर्वाचन गरी संविधान बनाउने उद्घोष गरियो । यस प्रयोजनका लागि **नेपालको अन्तरिम संविधान** २०६३ जारी भयो । पहिलो संविधानसभाको अनेक कठिनाइ र द्वन्द्वहरू बीच संविधान दिन नसकी अवसान भयो । दोस्रो निर्वाचित संविधानसभाले ठूलो प्रसव वेदनाका साथ देशको ६८ वर्षको इतिहासमा सातौं संविधानको रूपमा **नेपालको संविधान** २०७२ को घोषणा गरेको छ ।

यो संविधानमा श्रम एजेण्डा र श्रमिक विषयहरू समावेश गराउन ठूलो प्रयत्न भएको छ । मूलतः ट्रेड युनियन संगठनहरूबाट पहिलो संविधानसभामा सदस्य रहेका ७ जना तथा दोस्रो संविधानसभामा रहेका पाँच जनाको महत्वपूर्ण भूमिका छ । नेपाल ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन कांग्रेस, अखिल नेपाल ट्रेड युनियन महासंघ, यी तीन वटा मुख्य राष्ट्रिय केन्द्रहरू तथा यिनैको संलग्नतामा सञ्चालित संयुक्त ट्रेड युनियन समन्वय केन्द्र र आबद्ध अन्य ट्रेड युनियनहरूबाट संयुक्तरूपमा अथक प्रयत्न भएको छ । संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको महिला कमिटीको पनि श्रमिक महिलाका विषयहरूमा सक्रिय भूमिका देखिएको छ । धेरै पटक प्रतिनिधि मण्डलहरू, पटक पटक ज्ञापनपत्रहरू, अनेक अन्तरक्रिया, छलफल र दवाबहरू, राजनीतिक दलहरू र सभासदहरूलाई गरिएका अपिलहरू, प्रमुख दलका शीर्ष नेताहरूसँग भेटघाट र अनुरोधहरू पनि संविधानका सन्दर्भमा स्मरणीय देखिन्छन् ।

पहिलो संविधानसभामा मस्यौदाका लागि बनाइएका ११ वटा विषयगत समितिहरूले श्रम विषयलाई राम्रै स्थान दिएका थिए । ती मस्यौदाहरूमा श्रमिकको अन्तिम अस्त्रको रूपमा हडताल सम्म गर्न पाउने अधिकार पनि मौलिक हकमा नै राखिएको थियो । यसैले पहिलो संविधानसभा श्रमको कोणबाट पनि स्मरणीय रहनेछ ।

संक्षेपमा भन्दा ट्रेड युनियनहरूका संविधान केन्द्रित सात वर्षे प्रयत्नहरू अन्तिम सारको रूपमा मूलतः चार सुझावमा केन्द्रित भए :

क) श्रमिकका मौलिक हकमा न्यूनतम पारिश्रमिक, कामको अधिकार, निर्बाध संगठन स्वतन्त्रता, बाध्यकारी श्रमको अन्त्य, अनुचित श्रम अभ्यासको अन्त्य, पुँजी र श्रम लगानीकर्ता बीच राज्यबाट समान व्यवहार पाउने हक, सामाजिक सुरक्षाको हक, वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत मताधिकार जस्ता विषयहरू समेटिएका थिए ।

ख) सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा राख्दै सामाजिक संरक्षण र कल्याणकारी कार्यलाई व्यवस्थापन गरी सम्पूर्ण श्रमजीवी जनसङ्ख्यालाई आर्थिक-सामाजिक सुरक्षाको दायरामा ल्याउने खालको प्रणालीको माग थियो ।

ग) श्रम निरिक्षण प्रणालीको स्थापना र सञ्चालन, विवाद समाधान र औद्योगिक शान्ति तथा लगानीको उपयुक्त वातावरण निर्माणमा भूमिका खेल्न संवैधानिक श्रम सम्बन्ध आयोग अर्को दूरगामी महत्वको सुझाव थियो ।

घ) वर्गीय शोषण र विभेदको अन्त्य तथा नीति निर्णयको तहमा पुंजी सरह श्रमको मान्यताको लागि राज्यको चरित्र परिवर्तन गर्ने स्थानीय, प्रादेशिक तथा संघीय जनप्रतिनिधि मूलक संस्थामा १० प्रतिशत स्थानमा श्रमिक प्रतिनिधित्वको व्यवस्था गर्ने माग सुझाबको रूपमा थियो ।

## २. नयाँ संविधानले समेटेका श्रमसम्बन्धी विषयहरू

**क. प्रस्तावना** :

वर्गीय विभेदको अन्त्य गर्न आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सङ्कल्प, मानवअधिकार र समाजवादप्रतिको प्रतिबद्धता

**ख. भाग–३ : मौलिक हक :**

**धारा १८** (३) मा राज्यले नागरिकबीच कुनै आस्था वा अन्य आधारमा विभेद नगर्ने तर संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सक्ने समूहको सूचीमा 'मजदुर' पनि सूचीकृत ।

**धारा १८** (४) मा समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक वा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने ।

**धारा १९** (१) मा सञ्चारको हकमा अन्य विभिन्न विषयका साथै श्रमप्रति अवहेलना गर्ने सामग्री प्रकाशनमा प्रतिबन्ध समेत लगाउने गरी ऐन बनाउन सक्ने व्यवस्था ।

**धारा २९ शोषण विरुद्धको हक**

**धारा २९** (३) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने

**धारा २९** (४) मा कसैलाई पनि इच्छा विरुद्ध काममा लगाउन नपाइने

**धारा २९** (५) मा (३) र (४) विपरीतको कार्य दण्डनीय हुने र पीडकबाट पीडितलाई क्षतिपूर्ति पाउने हकको व्यवस्था ।

**धारा–३३ रोजगारीको हक**

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुने ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुने ।

**धारा–३४ श्रमको हक**

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक ।

(३) प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने, सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक ।

**धारा–३८ महिलाको हक**

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक ।

**धारा–३९ बालबालिकाको हक**

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने ।

**बक्स–२**

**अन्तरिम संविधानमा मौलिक हक**

**समानताको हक** – समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने ।

**रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक**

- प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम रोजगारीको हक ।
- महिला, श्रमिक, वृद्ध, अपाङ्ग, अशक्त र असहाय नागरिकलाई सामाजिक सुरक्षाको हक ।
- प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक ।
- महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई पनि समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक
- बालबालिकालाई कलकारखाना, खानी र जोखिमपूर्ण काम वा सेना, प्रहरी तथा द्वन्द्वमा प्रयोग गर्न नपाइने
- शोषण विरुद्धको हक अन्तर्गत बाँधाश्रम र जबर्जस्ती श्रम गराउन नपाइने

**श्रमसम्बन्धी हक**

- उचित श्रम अभ्यासको हक, ट्रेड युनियन खोल्ने, संगठित हुने र सामूहिक सौदाबाजी गर्न पाउने हक ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने ।

(१०) माथिका उपधारा उल्लङ्घन हुने विपरीतका कार्य कानुन बमोजिम दण्डनीय र पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक ।

**धारा–४० दलितको हक**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकका साथै सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक । उनीहरूका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने ।

(५) भूमिहीन दलितलाई कानुन बनाई एक पटक जमीन उपलब्ध गराउने ।

(६) आवासविहीन दलितका लागि कानुन बनाई एक पटक बसोबासको व्यवस्था गर्ने ।

**धारा–४२ सामाजिक न्यायको हक**

(१) सामाजिक रूपले पछाडि परेका नागरिकलाई प्रदान गरिएको राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हकसम्बन्धी सूचीमा मजदुर पनि समावेश ।

**धारा–४३ सामाजिक सुरक्षाको हक**

(१) आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने ।

**ग. भाग–४ : राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

**धारा–५० : निर्देशक सिद्धान्तहरू**

(१) राजनीतिक उद्देश्यका रूपमा लोक कल्याणकारी राज्यव्यवस्था ।

(२) राज्यको सामाजिक र सांस्कृतिक उद्देश्यमा श्रमको सम्मान पनि उल्लेख ।

(३) आर्थिक उद्देश्यमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास एवं आर्थिक असमानताको अन्त्य गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उल्लेख ।

**धारा–५१ राज्यका नीतिहरू**

(झ) श्रम र रोजगार सम्बन्धी नीति

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउँदै स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपहरूको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

(६) मुक्त कमैया, कमलरी, हरुवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने,

(७) युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता दिने ।

**घ. भाग २९ : धारा २५९** (१) राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार

(क) खस आर्य, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली, तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

**ङ. अनुसूचीहरू**

**अनुसूची-५ : संघको अधिकारको सूची**

३० सामाजिक सुरक्षा र गरिबी निवारण

**बक्स ४**

**आयोगबारे अन्तरिम संविधान**

सरकारले महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, मजदुर वा किसान लगायत विविध क्षेत्रको हक हितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्ने ।

**बक्स ३**

**राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरूमा अन्तरिम संविधान**

- सुकुम्बासी, कमैया, दलित, हरुवा, चरुवा लगायत आर्थिक सामाजिकरूपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
- श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योग, व्यापार, निर्यात प्रवर्धनमा लगानी वृद्धि गरी रोजगारी तथा आर्यआर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने ।
- देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक अधिकार संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने ।
- महिलाको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने ।
- शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिकरूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखा मुनिका मजदुर र किसानको उत्थान गर्ने ।
- मुक्त कमैयाको बसोबासका लागि भूमि र रोजगारीको व्यवस्था गर्ने ।
- किसान मजदुर लगायत श्रममा आश्रित वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालिम, प्रशिक्षणको आवश्यक पूर्वाधार व्यवस्था गरी उनीहरूलाई विकास प्रक्रियामा सहभागी गराउने ।
- वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने ।

**अनुसूची-७ : संघ र प्रदेशको साझा अधिकारको सूची**

११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवाद, मजदूरका हक, अधिकार र विवादसम्बन्धी कार्य

२५. रोजगारी र बेरोजगार सहायता

**अनुसूची-८ : स्थानीय तहको अधिकारको सूची**

१२. मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

१७. बेरोजगारको तथ्याङ्क सङ्कलन

**अनुसूची-९ : संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**

१०. सामाजिक सुरक्षा र गरिबी निवारण

१३. सुकुम्बासी व्यवस्थापन

## ३. श्रमसम्बन्धी प्रावधान : वर्तमान र आगामी दिन

क. श्रमको कोणबाट प्रस्तावनाका महत्वपूर्ण तीन पक्षहरू छन्- वर्गीय लगायत सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, आर्थिक समानता र सामाजिक न्यायको सुनिश्चितता र समाजवादप्रतिको प्रतिबद्धता । यसले श्रमिकमुखी राज्यव्यवस्था निर्माणको वैचारिक पक्षपोषण गर्दछ ।

ख. मौलिक हकभित्र समानताको हकमा आर्थिकरूपले विपन्न र श्रमिक वर्ग लगायत अन्य समूहहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि सकारात्मक विभेदको रूपमा विशेष व्यवस्था र कल्याणकारी कार्यक्रमहरूको लागि मार्ग प्रशस्त गरिएको छ । पारिश्रमिक र सामाजिक सुरक्षामा लैंगिक विभेद हुन नदिने कुराले आर्थिक समानता र सामाजिक समानता दुवैलाई सिद्धान्ततः स्थापित गरेको छ ।

त्यस्तै सञ्चारको हक अन्तर्गत श्रमप्रति अवहेलना गर्ने खालका सामग्री समेत प्रकाशन र प्रसारणलाई प्रतिबन्ध लगाउने खालको कानुन समेत बनाउन सक्ने कुराले श्रमको सम्मानको वातावरण निर्माणमा संविधानको चासो स्पष्ट भएको छ ।

बाँधाश्रम र जबर्जस्ती श्रम लगाउनेलाई दण्ड गर्ने तथा पीडितले क्षतिपूर्ति पाउने हकको व्यवस्थाले अन्तर्राष्ट्रिय श्रमसम्बन्धी महासन्धि नं. २९ र १०५ लाई संविधानले आत्मसात गरेको देखिन्छ । रोजगारीको हक तथा रोजगारी छनोट गर्न पाउने हक संविधानले मौलिक हकको रूपमा व्यवस्थित गरेकोले अब राज्यका नीति, कार्यक्रम र बजेटले रोजगारीको सिर्जनामा गम्भीर हुनुपर्ने कुरा निर्देशित गरेको छ ।

प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक प्रत्याभूत गरी उचित पारिश्रमिक, सुविधा तथा योगदान आधारित सामाजिक सुरक्षाको हक दिंदै समाजमा आर्थिक समानताको मार्ग प्रशस्त गर्ने प्रस्ट आधार संविधानले दिएको छ । आधारभूत ट्रेड युनियन अधिकारलाई पनि ट्रेड युनियन खोल्ने, सञ्चालन गर्ने र सामूहिक सौदाबाजी गर्ने हकको व्यवस्थाद्वारा संविधानले श्रमजीवी जनताको राम्रो पक्षपोषण गरेको छ । यसले व्यवस्थित श्रमनिरिक्षण प्रणाली स्थापित र सञ्चालित गर्न आधार प्रदान गरेको छ । खाद्य र आवाससम्बन्धी हकहरूले पनि श्रमिक नागरिकको पक्षपोषण गरेको देखिन्छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसर तथा मातृत्व संरक्षणका व्यवस्थाले श्रम बजारमा लैंगिक समानता प्रवर्धन गर्न राज्यव्यवस्थालाई प्रतिबद्ध बनाएको छ ।

बालबालिकाका अधिकारलाई व्यवस्थित गरी भविष्यमा बालश्रम न्यूनीकरण र निर्मूलनतिर हाम्रा कार्यथलोहरू र समाजलाई न्यायपूर्ण बनाउँदै जाने प्रस्थानबिन्दु संविधानले दिएको छ । पीडित बालबालिकालाई पीडकबाट क्षतिपूर्ति पाउने हकको व्यवस्थाले पनि आगामी पुस्ताको श्रम र मानव संसाधनको गुणस्तरतर्फ आशावादी हुने आधार बनेको छ ।

दलित समुदायको श्रमशक्तिको सीप संरक्षण र आवास व्यवस्थापन तथा सार्वजनिक सेवा लगायत रोजगारीका अन्य क्षेत्रमा विशेष व्यवस्था गरिने कुरा पनि श्रमबजारलाई न्यायपूर्ण बनाउन दूरगामी महत्व राख्दछ ।

राज्यका संरचनाहरू र सार्वजनिक सेवामा सहभागिताको हक पाउनेहरूको सूचीमा मजदुर वर्ग पनि समावेश गरिएको छ । तर श्रमिक प्रतिनिधित्वको विषय मूर्तरूपमा आउन सकेको छैन ।

सामाजिक सहायता र सामाजिक सुरक्षाको धारणामा स्पष्ट सीमाङ्कन देखिदैन, तर सामाजिक सुरक्षाको हकको रूपमा सामाजिक सहायताको कल्याणकारी कार्यक्रमलाई पनि मौलिक हक अन्तर्गत राखी लोककल्याणकारी मार्गबाटै अघि बढ्ने सङ्केत यो संविधानले गरेको छ ।

ग. राज्यको राजनीतिक उद्देश्यमा लोककल्याणकारी राज्यव्यवस्था, सामाजिक-सांस्कृतिक उद्देश्यमा श्रमको सम्मान समेत उल्लेख र आर्थिक उद्देश्यमा सार्वजनिक-निजी-सहकारी क्षेत्र आधारित समाजवाद उन्मुख अर्थतन्त्रको

विकास जस्ता किटानीले राम्रा श्रमिक पक्षीय सङ्केतहरू गरेको छ ।

राज्यका नीतिहरूमा मर्यादित श्रमको अवधारणा, रोजगारी अभिवृद्धि, श्रमशक्तिको दक्षता र व्यावसायिकता, वैदेशिक रोजगारीको नियमन-व्यवस्थापन, श्रम शोषणका सबै रूपको अन्त्य जस्ता विषयहरूले ठाउँ पाएका छन् ।

असल श्रम सम्बन्धका लागि व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहित गर्ने उल्लेख छ । तर, यसको व्यावहारिकता कमजोर र दूरगामी प्रभाव फलदायी हुन नसक्ने सङ्केतहरू देखिएका छन्, सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा एकल महिलाको रोजगारी, जीविकोपार्जन, जोखिम र हिंसा पीडित महिलाको पुनर्स्थापना-संरक्षण-स्वालम्बन, मातृत्व संरक्षण, हेरचाहसम्बन्धी कामको आर्थिक हिसाबले मूल्याङ्कन, कृषि श्रमिक र सुकुम्बासीहरूको बसोबास-जीविकोपार्जन-रोजगारी, युवा रोजगारी जस्ता विषयलाई संविधानले समेटेको छ । यसका दूरगामी परिणामहरू समतामूलक समाजको छिटो निर्माणमा प्रतिविम्वित हुने अपेक्षा गर्न सकिन्छ । संविधानले सामाजिक सुरक्षालाई अनेक सन्दर्भमा समेटेकोले अबको राज्य व्यवस्था लोककल्याणकारी र श्रमजीवीमुखी बाटोमा हिंडाइने सम्भावना बलियो छ ।

तर संविधानमा लेखिएर मात्र पुग्दैन, यसका लागि कानुन, सार्वजनिक नीतिहरू, आवधिक योजनाहरू, वार्षिक नीति कार्यक्रम-बजेट त्यसै अनुकूल अघि बढ्न सक्नुपर्छ ।

यद्यपि, पर्याप्त चर्चामा रहेका र श्रम क्षेत्रबाट आवाज उठाइएका निम्न विषयहरू संविधानले समेट्न सकेन :

- राज्यका प्रतिनिधिमूलक निकायहरू राष्ट्रिय संसददेखि स्थानीय निकायसम्म १० प्रतिशत श्रमिक प्रतिनिधित्व
- श्रमिकका लागि छिटो छरितो न्याय सुनिश्चित गर्न राष्ट्रिय श्रम सम्बन्ध आयोगको व्यवस्था
- अन्तिम उपायको रूपमा हडतालको अधिकारको प्रत्याभूति
- जुनसुकै जिल्लाबाट आएका भए पनि स्वदेशमा श्रमिकलाई आफ्नै कार्यथलोबाट मतदानको अधिकार तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई समेत राजदूतावास मार्फत मतदानको व्यवस्था ।

यसले श्रम क्षेत्र र श्रम राजनीतिमा थप बहसहरू गतिवान रहने स्पष्ट छ ।

## ४. निष्कर्ष

लोककल्याणकारी र समाजवाद उन्मुख राज्य व्यवस्थाको निर्माणमा यो संविधान प्रतिबद्ध रहेको छ । तर पुँजी र श्रमको द्वन्द्वमा राज्य व्यवस्थाको वर्तमान चरित्र मूलतः पुँजी पक्षीय नै छ । त्यसलाई श्रमिक पक्षीय र कम्तीमा पनि श्रम र पुँजीप्रति समान व्यवहार गर्ने चरित्र भएको बनाउन गर्नुपर्ने वैचारिक, संवैधानिक, कानुनी, राजनीतिक र प्राविधिक कामहरू धेरै छन् । तुरुन्तै २/४ वर्षमा सबै कुरा पूरा हुन सक्ने आशा र अपेक्षा गर्नु व्यावहारिक पनि हुँदैन ।

नयाँ संविधानमा महत्वपूर्ण व्यवस्थाहरू गरी ट्रेड युनियन आन्दोलनले उठाएका धेरै विषयहरूलाई समावेश गरिएको छ । यद्यपि, अझै पनि मूल सरोकारका कतिपय एजेण्डाहरू समावेश भएका छैनन् । आगामी दिनहरूमा कानुन, नीति र निर्णयहरूमा प्रभावकारी लब्बीङ, अन्तरक्रिया, हस्तक्षेप र दवाबका माध्यमबाट बाँकी एजेण्डाहरूलाई व्यवस्थापन गर्दै जानु उचित हुन्छ । साथै अन्तर्राष्ट्रिय महासन्धिहरू मूलतः संगठन स्वतन्त्रता, सामाजिक सुरक्षा, प्रवासी श्रमिकको संरक्षण, घरेलु तथा घरआधारित श्रमसम्बन्धी महासन्धिहरूको राज्यद्वारा अनुमोदनतर्फ ध्यान दिनु जरुरी छ । राज्यद्वारा सामाजिक सहयात्रीको रूपमा रोजगारदाता संगठनहरू र ट्रेड युनियनहरू बीच समान व्यवहार हुन सकेमा आर्थिक सामाजिक क्षेत्रमा सुखद परिणामहरू देखिनेछन् । राज्यका सार्वजनिक नीतिहरूको निर्माण, पुनरावलोकन र कार्यान्वयनको समिक्षामा श्रमिकवर्गको सक्रिय सहभागिता सुनिश्चित गर्दै व्यवहारमा अभ्यास गर्न सके समाजवादतर्फको बाटो सहज हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

**सन्दर्भ सूची**


१. नेपाल सरकार, नेपालको अन्तरिम संविधान २०६३

२. नेपाल सरकार, नेपालको संविधान २०७२

३. संयुक्त ट्रेड युनियन समन्वय केन्द्र र संवैधानिक संवाद केन्द्र, संविधान निर्माणका सन्दर्भमा श्रमिकसम्बन्धी चासोहरू, २०६८

४. एनटीयुसी-जिफन्ट बोर्ड, नयाँ संविधानमा श्रमिकका सुझाव तथा समसामयिक ट्रेड युनियन गतिविधि, २०६६

५. श्रमिक संगठनहरूले दिएका ज्ञापनपत्रहरू

६. गोरखापत्र, कान्तिपुर, काठमाडौं पोस्ट आदि दैनिक समाचारपत्रहरू

७. हिमाल र नेपाल म्यागाजिनहरू

ट्रेड युनियन पोलिसी इन्स्टिच्युट (GEFONT- TUPI) को स्थापना २०७० चैतमा जिफन्टको छैटौं महाधिवेशनबाट गरिएको हो । यो नीतिगत हिसाबले जिफन्टले आड लाग्ने "थिंक ट्याङ्क विङ" को रूपमा सञ्चालन हुनेछ । यसले श्रम र राजनीतिका विभिन्न पक्षमा उच्चतहका विज्ञहरूलाई संलग्न गरी समसामयिक नीतिगत विषयमा सामग्रीहरू तयार गर्ने, नीतिगत अन्तरक्रियाहरू सञ्चालन गर्ने र सान्दर्भिक प्रकाशनहरू गर्नेछ । श्रमिक वर्गको वैचारिक र प्राज्ञिक पक्षलाई प्रवर्धन गर्नेछ । अनुसन्धान र नीति विश्लेषणहरूलाई सैद्धान्तिक र व्यावहारिक पक्षहरूमा तात्कालिक र दूरगामी दृष्टिका साथ अघि बढाउनेछ । मूलतः **सहअस्तित्व : उत्पादन सम्बन्ध र श्रम सम्बन्धको आधार** यो मूल बिचारलाई श्रम क्षेत्रबाट नीतिगत विश्लेषण र हस्तक्षेपको केन्द्रबिन्दु बनाई अघि बढ्ने प्रतिष्ठानको दूरदृष्टि हो । यसै परिप्रेक्षमा यो पहिलो नीतिपत्र श्रमको कोणबाट संविधानलाई विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

**लेखन तथा संपादन : उमेश उपाध्याय / सहयोगी : विदुर कार्की, कवीन्द्र शेखर रिमाल**

**जिफन्ट ट्रेड युनियन पोलिसी इन्स्टिच्युट**

**पोस्टबक्स : १०६५२, एनएलए भवन, अनामनगर, काठमाडौं, नेपाल**

**फोन : ४१०२९४१, इमेल : tupi@gefont.org**